# बुद्धजयन्तीको शुभकामना !

हामी नेपालीहरू भगवान गौतम बुद्धप्रति गर्व गर्छौं। बुद्धको जन्मदिन, ज्ञान प्राप्ति र महापरिनिर्वाण, तीनै घट्नाको स्मरणमा बुद्धजयन्ती मनाइन्छ। यसपालिको २५७०औँ बुद्धजयन्ती, बैशाख शुक्लपूर्णिमा, मे ०१, २०२६ मा परेको छ। बुद्धजयन्तीको पावन अवसरमा सबैलाई हार्दिक शुभकामना ।

Buddhism Digital Library Inc, USA ले पाली भाषामा रहेको बुद्धबचन त्रिपिटकलाई नेपाली भाषामा सरल अनुवाद र प्रकाशन गरी निःशुल्क वितरण गरिरहेको पुण्य कार्यलाई प्रशंसा गर्दछु । यस कार्यले सबै नेपालीहरूले भगवान गौतम बुद्धको ज्ञानबर्धक कुराहरू पढ्ने अवसर प्राप्त हुनेछ, भन्ने कुरामा बिश्वास गर्दछु । प्रकाशित पुस्तकहरूलाई डिजिटलमार्फत् वेभसाइट www.buddhismlibrary.org मा पनि प्रकाशित गरेका छन् । समय सापेक्ष हेर्न सक्नु हुनेछ ।

Buddhism Digital Library (BDL) Inc, USA ले २५७०औँ बुद्धजयन्तीको पावन अवसरमा "बुद्धजयन्ती डिजिटल उपहार पूर्णाङ्क" (१) प्रकाशन गर्न लागेको खबर सुन्न पाउँदा, खुसी लागेको छ । बुद्धको शान्ति सन्देशलाई डिजिटल उपहारमार्फत् संसारभरिका बौद्धमार्गीहरूको हातहातमा पुगोस् भन्ने कामना गर्दछु । बुद्धको करूणाले सबैको कल्याण गरून् ।

**अन्तमा, २५७०औँ बुद्धजयन्तीको पावन अवसरमा देश बिदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समद्धि तथा दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना !**



**यम पौडेल**

**पूर्व उपाध्यक्ष, पेबफन तथा स्वतन्त्र पत्रकार**

सञ्चालक, मट्टिखान भेटघाट कक्ष तथा कलाकार एवं सामाजिक अभियन्ता